# स्वामीकार्तिक खापर गाउँपालिकाको

## आ.व. २०७८/७९ को

# बजेट तथा कार्यक्रम

स्वामीकार्तिक खापर गाउँपालिका
सुइजिउला वाई, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०७८ असार १० गते

# स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व.२०७८/०७९ को बजेट तथा कार्यक्रम

**अध्यक्ष महोदय,**

स्वामीकार्तिक खापर गाउँपालिकाको यस सम्मानित सभामा आगामी आर्थिक बर्ष २०७८/०७९ को बजेट वक्तव्य प्रस्तुत गर्न पाउदा म हर्षित भएको छु । यस सु-अवसरमा नेपालको राजनैतिक परिर्वतनका महत्वपुर्ण आन्दोलनमा आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पुर्ण सहिद प्रति भावपुर्ण श्रद्धान्जली अपर्ण गर्न चाहान्छु ।

कोरोना महामारी र देशभर अविरल वर्षाले निम्त्याएको प्राकृतिक प्रकोपका कारणले देश विदेशमा रही ज्यान गुमाउनु हुने सम्पुर्ण नागरिक प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहान्छु । विरामी भई उपचारका क्रममा रहनु भएका सम्पुर्ण नागरिकको यथासिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै हाम्रो गाउँपालिकामा यस महामारी न्यूनीकरण गर्न अथक प्रयास गर्नु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, राजनैतिक दल, सम्पुर्ण नागरिक समाज र जनप्रतिनिधि प्रति आभार व्यक्त गर्दछु ।

कोरोना महामारीका कारणले गर्दा हाम्रो गाउँपालिकाको समग्र विकास प्रक्रियालाई पनि अवरोध गरिरहेको यस घडीमा अब हाम्रो गाउँपालिकाको समग्र विकासलाई अघि बढाउन अत्यन्तै चुनौती रहेता पनि सम्पुर्ण पक्षको महत्वपुर्ण सहयोगको अपेक्षा गर्दै अगाडी वढ्ने विश्वास लिएको छु ।

**अध्यक्ष महोदय**,

गाउँपालिकाको आगामी आ.व. २०७८/०७९ को बेजट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाले बनाएका ऐन, कानुन, कार्यविधि, निर्देशिका, विनियोजन ऐन २०७८ र गाउँपालिकाले लिएको दिगो विकासको लक्ष्यलाई आधार मानी त्यस अनुरुपको बजेट निर्माण गरेको छु । बजेट निमार्ण गर्दै गर्दा कोभिड महामारीको कारण ठप्प अवस्थामा रहेको आर्थिक क्रियाकलापलाई चलायमान वनाउनका लागि निकै चुनौतीपूर्ण छ । हाल स्वास्थ्य चुनौती, प्राकृतिक विपत्ति जस्ता चुनौती संग जुध्दै आगामी आर्थिक बर्षमा अर्थतन्त्रलाई चलायमान गराउनु पर्ने र समग्र विकासलाई माथि उठाउने लक्ष्यका साथ बजेट तयार गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म आ.व. २०७८/०७९ को बजेट यस सभामा प्रस्तुत गरिरहदा चालु आ.व. २०७७/०७८ को यर्थाथ आर्थिक विवरण पेश गर्ने अनुमति चाहान्छु ।

> चालु आर्थिक बर्षमा बिनियोजन बित्तीय समानीकरण पुँजीगत तर्फ, राजश्व बाँडफाँड, चालु शिर्षक तर्फ, सर्शत अनुदान रकम समेत गरेर जम्मा रु. ४१ करोड ३५ लाख ४८ हजार १८० रकम मध्ये हाल सम्म ७३.३५ प्रतिशत खर्च भएको र बाँकी सम्पुर्ण खर्चको विबरण असार मसान्त सम्म प्राप्त हुनेछ । चालु आ.व.मा रु ५१ लाख २१ हजार ८१ रकम विभिन्न शिर्षकबाट गाउँपालिकाको आन्तरिक आय भएको छ । जस मध्ये ४५ लाख ६२ हजार ४ सय ११ रुपैया गाउँपालिकाको राजश्व खातामा जम्मा भएको र ५ लाख ५८ हजार ६ सय ७० रुपैया असार मसान्त सम्म जम्मा हुन हुनेछ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७८।०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४, विभिन्न ऐन, नियामावली, कार्यविधि, निर्देशिकाले र्निदिश्ट गरेका मापदण्डको परिधीमा रहेर यस गाउँपालिका भित्र बसोबास गर्ने आम नागरीकको कानुन बमोजिमको मौलिक हक अधिकार को संरक्षण हुने र उत्पादन वृद्धीमा प्रोत्साहान गरी आर्थिक जीवन स्थरमा सुधार ल्याउने उद्देश्य रहेको छ ।
- स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएकोले गाउँपालिकाका साना ठुला समग्र आर्थिक सुधार, गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी ,स्वस्थ स्वास्थ्य सेवामुलक प्रशासनिक संयन्त्र, जवाफदेहीमुलक जनप्रतिनीधीत्व शुसासन, समानता, समाबेशी, सहकारीता र सह अस्थित्वको आधारमा आफ्ना कार्यक्रमलाई बजेट मार्फत अगाडी बढाईने छ ।
- यस आ.व २०७८।०७९ लाई प्राकृतिक विपद तथा जोखिम न्यूनिकरण र महामारी रोकथाम, भौतिक पुर्वाधार विकास, आर्थिक विकास र सामाजिक विकासको गुणस्तीय सुधारको बर्षका रुपमा लिएका छौ साथै प्राकृतिक विपद् तथा विभिन्न कारणले क्षति भएका संरचनाको मर्मत सम्भार गर्नका लागि रकम विनियोजन गरेको छु ।
- गाउँपालिकाले लिएको लक्ष्य अनुसार हाल ५ वटै वडामा सडक सञ्जाल पुगेको र सो सडकलाई मर्मत गरि १२ महिना संचालनमा ल्याउनका लागि स्काभेटर खरिद गर्ने निती अनुरुप स्काभेटर खरिद गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- विद्युत लाईन विस्तार र मर्मत गर्नका रकम विनियोजन गरेको छु ।
- संघिय सरकार र प्रदेश सरकारले विनियोजन गरेको बजेटमा यस स्थानिय तहले समेत साझेदारी गर्नु पर्ने नितीगत व्यवस्थाका कारण संघ र प्रदेश समपुरक बजेटमा स्वामीकार्तिक खापर गाउँपालिकाले समेत बजेट विनियोजन गर्नु पर्ने हुदा त्यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- गाउँपालिकालाई सूचना प्रविधिमैत्री वनाउन आवश्यक रकमको विनियोजन गरेको छु ।
- सबै वर्ग जाती, लिङ्ग, धर्म संस्कृती र आधारभुत मौलिक हक अधिकार लाई सुनिश्चित गरिने उद्देश्य लिएका छौं ।
- कोरोना महामारी लगायत अन्य रोगहरुको संक्रमणबाट बच्नका लागि स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिई बजेट विनियोजन गरेको छु । साथै कोभिड विरुद्धको खोप ल्याइ १८ बर्ष भन्दा माथिका नागरिकलाई लगाउन सम्वन्धीत निकाय संग आवश्यक पहललाई प्राथमिकतामा राखेका छौं ।
- खडेरी क्षेत्रको पहीचान बोकेको यस गाउँपालिका भित्रको वाई जीउलाको लिप्ट सिँचाई योजनालाई प्रदेश सरकारको लगानीमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाएको छु ।
- यस गाउँपालिकामा उत्पादन हुने स्याउ विक्रि नभएर खेर जाने अवस्थालाई मध्य नजर गरी गाउँपालिकामै स्याउ प्रशोधन केन्द्र स्थापना गर्न प्रदेश सरकार संग साझेदारीका लागि रकम विनियोजन गरेको छु ।

- कृषि र भेटेरीनरीमा आधारित भएर उत्पादन व्यवसायमा लाग्ने युवा, महिला कृषक उद्यमीलाई आवश्यक सहयोग गरिनुका साथै निश्चित मापदण्ड बनाई उन्नत जातको स्याउ ओखर लगाएत अन्य फलफुलका बोटहरु ५० प्रतिशत सौलियत दरमा कृषकलाई वितरण गरिने छ ।
- तरकारी खेतिमा आत्मनिर्भर र व्यवसायिक गाउँपालिका बनाउनका लागि व्यवसायिक उद्यमीलाई आवश्यक पुर्वाधारको क्षेत्रमा सहयोग गर्नका निम्ती रकम विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र उत्पादन हुने रैथाने बालिको संरक्षण र उत्पादन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।
- दलित, युवा, बालवालिका, महिला, जेष्ठ नागरीक अपाङ्ग असाय र विपन्नवर्गका नागरिकलाई शसक्तीकरण र आत्मनिर्भर हुने कार्यक्रम लागु हुने गरी आवश्यक रकम विनियोजन गरेको छु ।
- धार्मिक पर्यटकिय क्षेत्रको प्रचार प्रसार र गाउँपालिकामा लोभ हुदै गएका भाषा संस्कृति, पञ्चेबाजाको संरक्षण र चाडपर्व संचालनका लागि रकम विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र रहेका स्थायी खरे घरलाई विस्थापित गर्न आवश्यक पर्ने रकम केन्द्र र प्रदेश सरकार सँग माग गरिनेछ ।
- विद्यालयलाई गुणस्तरीय प्रगति हाँशिल गर्नका लागि वातावरणिय शिक्षालय बनाईनेछ ।
- अस्थायी टिनका विद्यालयलाई विस्थापित गरी पक्की भवनहरु निर्माण गरिनेछ ।
- विद्यालयमा आबश्यक पर्ने शिक्षक दरबन्दीको अभाब रहेकाले शिक्षाको गुणस्तर सुधारका लागि गाउँपालिकामा स्वयम सेवक शिक्षकका लागि रकमको व्यवस्था मिलाएको छु ।
- इसिडि कक्षा संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थालाई आवश्यक रकम विनियोजन गरेको छु ।
- प्रत्येक विद्यालयलाई पुर्ण सरसफाई युक्त विद्यालय बनाउनका लागि आवश्यक रकम व्यवस्थापन गरिनेछ ।
- सामुदायिक वन, सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्न विरुवा र आबश्यक रकमको ब्यबस्था मिलाएको छु ।
- विपद व्यवस्थापन र जोखिम न्युनिकरणका लागि विपद कोष स्थापना भएको र सो कोषका लागि आबश्यक रकम विनियोजन गरेको छु ।
- गाउँपालिका भरीका बेरोजगार युवालाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विकास निर्माण कार्यमा लगाई रोजगारी दिने व्यवस्था मिलाएको छु ।
- छुदरी घट्टेपाटा झुलंगे पुल यसै वर्ष बाट संचालन गरिने छ ।
- युवा उद्यमीको साझेदारीमा आवश्यक रकम विनियोजन गरेको छु ।
- सरकारी, निजि र सहकारीको साझेदारीमा बाँजो जग्गा उपयोग गर्ने कृषक व्यवसायलाई सहयोग गरिनेछ ।
- जैविक मल उत्पादन र शत्रुजीप व्यवस्थापन र माटो परिक्षणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

- घास नर्सरीका निम्तिमा आवश्यक पर्ने बिउ बिजन अनुदान दिने व्यवस्था मिलाएको छु ।
- स्थापित सामुदायिक ह्याचरीलाई संचालनमा ल्याउन आवश्यक रकमको व्यवस्था मिलाएको छु ।
- गाउँपालिकामा स्वास्थ्य जाँच गर्न ल्याब संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- गाउँपालिकामा रहेको वन क्षेत्रमा हुने आगलागी तथा प्रकोप नियन्त्रणका लागि जनचेतना मूलक कार्यक्रम गर्न रकम विनियोजन गरेको छु ।
- खेलकुद क्षेत्रको विकासका साथै अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजना गर्न रकम विनियोजन गरेको छु ।
- सुशासन कायम गर्नका लागि गरिने विभिन्न किसिमका कार्यक्रम गर्न रकम विनियोजन गरेको छु ।
- अविरल वर्षाका कारण निम्त्याएको प्राकृतिक प्रकोप बाढी, पहिरोका कारणले धनजनको क्षेती भएकाले यस स्वामीकार्तिक खापर गाउँपालिका भित्र बसोबास गर्ने व्यक्तिहरु, वस्तीहरुमा आवश्यकताको आधारमा उचित राहतको व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु ।
- कर्मचारीहरुको उच्च मनोवल र सेवालाई थप प्रभावकारी वनाउन आवश्यक छ । हाल गाउँपालिकामा बजेटको कमीका कारण कर्मचारी ब्यवस्थापन र म्याद थप गर्ने कार्य कर्मचारीको कार्यसम्पादनका आधारमा गरिने छ ।
- बाडी, पहिरोले विग्रेका योजना र अधुरा योजना कार्यलाई सम्पन्न गर्नका लासिग आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।
- विपद् जोखिममा परेका घर, वस्तीको पुन स्थापनाका लागि साझेदारी रकमको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकामा नयाँ लागु हुने  संघ संस्थाका लागि आवश्यक पर्ने रकममा साझेदारी गरिनेछ त्यसका लागि आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।
- सामाजिक संस्थाको लागि आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।
- युवा उद्यमी घुम्ती कोष रकमलाई घुम्ती कोष खाता संचालन गरी रकम जम्मा गरिनेछ र कार्यविधि अनुसार श्रावण महिना पछि कार्यक्रम अगाडी बढाइनेछ ।
- खेलकुद मैदानको कार्य यसै वर्ष भित्र अगाडी बढाइनेछ ।
- सडक संजालविस्तार गर्दा क्षेती भएका घर धारा र शौचालयको क्षेती र पुनर्निर्माणका लागि रकमको व्यवस्थापन गरी रकम उपलब्ध गराइने छ ।
- विपद्का कारणले अस्त व्यस्त भएको मुक्तिकोट क्षेत्र भित्र पर्ने वस्तीलाई आर्थिक सहयोग गरिनेछ ।
- विपद् जोखिम लगाएतका अन्य सामाजिक कार्यमा सहयोग गर्नका लागि गाउँ प्रहरी स्थापना गर्न सकिनेछ त्यसका लागि आवश्यक पर्ने रकमको व्यवस्थापनका लागि पहल गरिनेछ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिकामा संचालित अल्पकालिन र मध्यमकालिन समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी दिगो विकासका योजना र कार्यक्रमलाई तीव्रताका साथ सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको छु । आगामी आर्थिक वर्षको कार्यक्रममा सडक निर्माणमा तिव्रता, पुराना अधुरा योजनाहरुको पुर्णता, प्राकृतिक विपद् तथा जोखिम न्यूनिकरण, व्यवसायिक कृषि उत्पादनमा आधारित साथै कोरोना महामारीले स्वास्थ्य क्षेत्रमा ल्याएको जोखिम न्यूनिकरण गर्न र शिक्षा क्षेत्रमा सुधारमा केन्द्रित हुने गरि बजेट विनियोजन गरेको छु ।

गाउँपालिकाको दिगो विकास र आर्थिक सम्बृद्धिका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नीतिगत स्पस्टता कायम गरी कार्यन्वयन क्षमतामा वृद्धि गरिने छ । साथै गुणस्तरीय निर्माण कार्य गरी दोहोरो तेहेरो खर्चको अन्त्य गरिने छ ।

**अध्यक्ष महोदय,**
अब म यस स्वामीकार्तिक खापर गाउँपालिकाको आय तथा व्ययको विवरण यस सभामा पेस गर्न चाहान्छु ।

**आम्दानी तर्फ**

- संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरणमा रु.९ करोड २९ लाख,
- संघिय सरकारबाट सशर्त अनुदान रु.१६ करोड ७२ लाख,
- संघिय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु. ५ करोड ८७ लाख ७६ हजार,
- प्रदेश सरकारबाट समानिकरण अनुदान रु.६५ लाख ४ हजार,
- प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु. ७ लाख १ हजार,
- संघीय सरकार समपुरक अनुदान पुँजीगत १ करोड ४५ लाख,
- संघीय विशेष अनुदान पुँजीगत रु. १ करोड ८७ लाख,
- प्रदेश सरकार समपुरक र विशेष अनुदान पुँजिगत रु.१ करोड ४८ लाख ६१ हजार
- आन्तरिक आय रु. १० लाख ५० हजार
- जम्मा आय रु ३७ करोड ५१ लाख ९२ हजार रुपैयाँ अनुमान गरिएको मा सोही रकमको को परिधिभित्र रहि विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु ।

**विनियोजन तर्फ**

यस गाउँपालिकामा संघीय र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड, वित्तीय समानिकरण अनुदान, संघीय सरकार सर्शत अनुदान, समपुरक र विशेष अनुदान र गाउँपालिकाको आन्तरिक स्रोत समेतको सम्पूर्ण रकमलाई तपशिल शिर्षकमा बिनियोजन गरेको छु ।

- राजश्व बाँडफाँड चालु तर्फ  रु. ५ करोड ९४ लाख ७७ हजार
- समानिकरण चालु तर्फ रु. ४ करोड ३ लाख ४ हजार
- समानिकरण पुँजिगत तर्फ रु. ५ करोड ९१ लाख
- संघीय सरकार शर्सत अनुदान चालु रु.१४ करोड ५१ लाख
- संघीय सरकार शर्सत अनुदान पुँजिगत रु. २ करोड २१ लाख
- संघीय सरकार समपुरक र विशेष अनुदान पुँजिगत रु. ३ करोड ३२ लाख
- प्रदेश सरकारको समपुरक र विशेष अनुदान पुँजिगत रु. १ करोड ४८ लाख ६१ हजार
- आन्तरिक श्रोत चालु तर्फ रु. १० लाख ५० हजार

समग्रमा

**चालु तर्फ :  २४ करोड ५९ लाख ३१ हजार**
**पुँजिगत तर्फ : १२ करोड ९२ लाख ६१ हजार विनियोजन गरेको छु।**

यस आ.व. २०७८।०७९ मा संन्चित कोषबाट जम्मा रु. ३७ करोड ५१ लाख ९२ हजार रुपैयाँ प्रस्ताव गरेको छु । सञ्चित कोषमा हाल समावेश नभएको रकम संन्चित कोषमा रहने अनुमान गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म प्रस्ताव गरिएका कार्यक्रमहरुलाई विषयगत क्षेत्रमा विनियोजन गरिएको बजेटको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु ।

**अध्यक्ष महोदय,**

**१. कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ जम्मा रु. ९ करोड २३ लाख ३१ हजार**

**२. भौतिक पुर्वाधार विकास तर्फ जम्मा रु. ७ करोड  ६६ लाख १८ हजार**

- स्थानीय सडक तथा यातायात रु. ३ करोड ९२ लाख १३ हजार
- विद्युत तथा बैकल्पिक उर्जा तर्फ रु. २० लाख
- भवन आवास तथा सहरी विकास तर्फ रु. २ करोड ९४ लाख ७६ हजार
- पुनर्निर्माण  रु. २ लाख
- सुचना तथा प्रविधि  रु. ५ लाख
- सम्पदा पूर्वाधार रु. ५२ लाख २९ हजार

**३. आर्थिक विकास तर्फ जम्मा रु. ४ करोड ३३ लाख**

- कृषि रु. १ करोड ६५ लाख
- जलस्रोत तथा सिंचाई रु. २ करोड लाख १ लाख
- पशुपन्छी विकास  रु. १० लाख
- पर्यटन रु. १० लाख
- उद्योग रु. ४५ लाख
- वन रु. २ लाख

**४. सामाजिक विकास तर्फ रु. १५ करोड ५९ लाख ४३ हजार**

- शिक्षा रु. ९ करोड ७८ लाख
- स्वास्थ्य रु.२ करोड १५ लाख
- खानेपानी तथा सरसफाई रु.१ करोड ८ लाख ६८ हजार
- युवा तथा खेलकुद  रु.१ लाख
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण  रु. २ लाख
- धार्मिक, भाषा तथा संस्कृति प्रवर्द्धन रु.४१ लाख ७५ हजार
- सामाजिक सुरक्षा तथा संरक्षण रु. २ करोड १३ लाख

## ५. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. ७० लाख

- अनुगमन तथा मुल्यांकन रु. ९ लाख
- तथ्यांक प्रणाली रु. १२ लाख
- विपद व्यवस्थापन रु. ४९ लाख

**अध्यक्ष महोदय,**

बाजुरा जस्तो दुर्गम जिल्लाको दुर्गम क्षेत्रमा पर्ने यस गाउँपालिकाको सर्वाङगीण विकासका लागि सडक पूर्वाधारलाई अपरिहार्य आवश्यकता ठानी यस गाउँपालिकाको पहिलो गाउँसभाले सवै वडा कार्यालय सम्म सडक सञ्जाल पुर्‍याउने लिएको लक्ष्य अनुरुप हाल सवै वडा कार्यालय सम्म सडक सञ्जाल विस्तार भएको अव गाउँपालिकाका मुख्य वस्तीलाई सडक सञ्जालमा जोड्नका लागि यस बर्ष पनि सडक विस्तारलाई प्राथमिकतामा राखेका छौ । गाउँपालिकाको स्रोत साधानबाट तपशिल बमोजिमका योजनाहरु यसै वर्षमा संचालन गरिने छ ।

तपशिल :

- जुकु हुदै जोरु सडक खण्ड वडा नं १
- बर्कू हुदै जोरु खौला देखि गोठीगाउँ सम्मको सडक खण्ड
- खोलाहा देखि स्वास्थ्य कार्यालय हुदै बाजगडा सडक
- काम्ती देखि रुडी सडक
- फयालगाउँ, सुपाना हुदै पुडेनी सडक खण्ड वडा नं २
- माँझ गाउँ देखि खडालवाडा लौठी सडक खण्ड वडा नं २
- काम्ती देखि छुद्धरी हुदै बालुवा सडक खण्ड
- खाली तहबाट आरुखोला हुदै शम्भुसुनन्दा मा.वि.जुकोट सडक खण्ड वडा नं ३
- दाँते ओखर देखि तल्लो डाँडावाडा हुदै माथिल्लो डाँडावाडा सम्म सडक खण्ड
- जुकुहुदै लुवारवाडा जोरु सडक खण्ड
- जुकोट हुदै जेवाले लोथी डाँडी विसाउना जोरु सडक खण्ड
- भैरवथान देखि रिब्डा गैराखर्क निफेरा हुदै टुक्नी मुसेथला सैदेव खुन्का सडक
- गोवरे खल्ला सडक खण्ड
- सिम्लेखोला हुदै वडा कार्यालय सम्मको सडक खण्ड वडा नं ४
- वडा कार्यालय देखि छापु, भौन्या हुदै फैता खातीवाडा सडक खण्ड ।
- वडा कार्यालय देखि गोठी  थालेवाँज सडक खण्ड
- वडा नं ४ को स्वामी कार्तिक मावि हुदै जेरा जिउला वाडा सडक खण्ड वडा नं ५
- गहताडी, मिगु हुदै रुम्नाकाँध सडक खण्ड
- नुनदिने ढुङगा देखि टुग्नी जमलधारा हुदै जर्केकाँध सडक खण्ड ।

**अध्यक्ष महोदय,**

आ.व. २०७८।०७९ को वजेट तथा कार्यक्रममा समावेश गर्न नसकिएका कार्यक्रमहरु र यस गाउँपालिकाको श्रोत साधनले निर्माण गर्न नसकिने ठुला विकास आयोजनाहरु केन्द्रिय र प्रदेश सरकार संग माग गर्ने गरी पठाउने व्यवस्था मिलाएको छु ।

योजनाहरु देहाय बमोजिम छन :

- गाउँपालीकाका पर्यटकीय क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न केन्द्रीय सरकार सँग माग गर्ने ।
- माध्यामिक र आधारभुत विद्यालयका भवनहरु निर्माणका लागि माग गर्ने ।
- गाउँपालिकामा कवर्डहल निमार्णका लागि केन्द्र तथा प्रदेश सरकार लाई माग गर्ने ।
- उद्योग ग्राम स्थापनाका लागि केन्द्रिय सरकार सँग माग गर्ने ।
- गाउँपालिकाका सम्पुर्ण वडाका सडक निर्माणका लागि केन्द्रिय तथा प्रदेश सरकार माग गर्ने ।
- खानेपानी, सिँचाई, विद्यालय अन्य योजना निर्माणका लागि केन्द्रिय तथा प्रदेश सरकार माग गर्ने ।

**अन्त्यमा**

यो बजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई सम्वृद्ध र सक्षम गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । कोभिड जस्तो महामारीका कारण चालु आर्थिक बर्षको कार्यक्रम प्रभावित भई गाउँपालिकाको लक्ष्य अनुसार काम हुन नसकेकोमा म क्षमाप्राथी समेत छु । आगामी आर्थिक बर्षमा थप संर्घष गदै संग संगै अघि बढ्नेछौं । यो वजेट निर्माण गर्ने क्रममा सहयोग गर्नु हुने विभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

**प्रमाणित गर्ने**
**चिरन्जीवी शाही**
**अध्यक्ष**